# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, पाँचखाल-चोक
बागमती प्रदेश, नेपाल


पत्र संख्याः
चलानी नं.: ६६२

मितिः .......२०७७।६।१...........

**कोभिड-१९ जोखिम प्रति सजग रही व्यवसाय तथा सेवा प्रवाह गर्ने सम्बन्धी**

**बनेपा नगरपालिकाको सार्वजनिक सूचना !**

**आदरणीय नगरबासी दाजुभाइ दिदीबहिनीहरु,**

विश्वमा महामारिका रुपमा फैलिएको कोभिड-१९ नामको नोवल कोरोना भाइरस संक्रमितहरुको संख्या बनेपा नगरपालिका क्षेत्रभित्र पनि दिनानुदिन बढि रहेको सम्बेदनशील अवस्थालाई दृष्टिगत गरी पछिल्लो पटक मिति २०७७ भाद्र ७ गतेबाट नगरपालिकाबाट प्रदान भईरहेका अत्यावश्यक बाहेकका सेवाहरु स्थगन गरी नगर क्षेत्रभित्र पनि अत्यावश्यक बाहेकका पेशा व्यवसाय सञ्चालन नगरी सहयोग गरिदिन बनेपा नगरपालिकाले गरेको अपिललाई आम नगरबासी दाजुभाइ दिदीबहिनीको साथ र सहयोगबाट पालना भईरहेको परिप्रेक्षमा नेपाल सरकारबाट पछिल्लो पटक भएको निर्णय र DCCMC काभ्रेपलाञ्चोकबाट भएको निर्णय समेतका आधारमा बनेपा नगरपालिका क्षेत्रभित्र पनि नेपाल सरकारले तोकेका स्वास्थ्य सम्बन्धी न्युनतम मापदण्डको पालना हुने गरी नगरपालिकाबाट प्रदान हुने सेवाहरु मिति २०७७ साल असोज १ गतेबाट सुचारु भएको जानकारी गराउँदै आम नगरबासी दाजुभाइ दिदी बहिनी र पेशा व्यवसायी महानुभावहरुबाट समेत देहाय बमोजिम गर्न गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. कोभिड-१९ को जोखिम अध्यावधीक कायमै रहेकाले नेपाल सरकारबाट तोकिएका स्वास्थ्य सम्बन्धी न्युनतम मापदण्डको पालना गरेर मात्र आफ्नो दैनिक व्यवहार सञ्चालन गर्ने । सामाजिक दुरी कायम गर्ने, मास्कको प्रयोग गर्ने र स्यानिटाइजर प्रयोग गर्ने वा साबुन पानीले हात धुने कार्यलाई विशेष ध्यान दिएर अपनाउने ।

२. नगर क्षेत्रभित्र उद्योग, व्यवसाय तथा पेशा सञ्चालन गर्दा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०७७।४।२९ मा जारी भएको सुरक्षा मापदण्डको पालना हुने गरेर मात्र सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने ।

३. भिडभाड हुने कार्यक्रमहरु आयोजना नगर्ने र सहभागिता नजनाउने ।

४. सवारी साधन सञ्चालनका लागि नेपाल सरकारबाट जारी भएको मापदण्डको पूर्ण पालनाहुने व्यवस्था मिलाउने र यात्रा गर्ने यात्रु महानुभावहरुले समेत भाइरस संक्रमणको जोखिमबाट जोगिन आवश्यक सतर्कता सहितका उपायहरुको अवलम्बन गर्ने ।

५. कोरोना भाइरस संक्रमणको लक्षण देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा जानकारी गराई सामाजिक दुरी कायम गर्दै स्वास्थ्य सेवा प्राप्तिको उपाय अवलम्बन गर्ने ।

६. आफ्नो गाउँ टोलमा कसैलाई संक्रमणको लक्षण देखिएमा वा संक्रमण पुष्टि भएमा त्यस्ता व्यक्तिप्रति साहनुभूति सहित आवश्यक सहयोग गर्ने ।

७. कोभिड-१९ का विषयमा हुने हल्का टिप्पणी वा बढाई चढाईका हल्लामा ध्यान नदिई सहि र सत्य जानकारीहरु प्राप्त गर्ने र आफू र आफ्नो परिवारका सदस्यहरुलाई संक्रमण हुनबाट जोगाउने ।

लक्ष्मीनरसिंह बादे श्रेष्ठ
प्रमुख



Scanned by CamScanner